**सम्वत् २०८० साल भदौ २७ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (छैठौं संशोधन) आदेश, २०७९ को दफा ३ बमोजिम डा. श्री प्रदिप कुमार मैनाली, कालिञ्चोक गाउँपालिका, वडा नं. ३, दोलखालाई प्रदेश नीति तथा योजना आयोगको सदस्य पदमा नियुक्त गर्ने। |
| २. | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा २६ को उपदफा (१) को प्रतिबन्धात्मक वाक्यांशको खण्ड (क) बमोजिम बागमती प्रदेश सभाको सचिवालय सचिव पदमा श्री पूर्ण बहादुर दर्जी, अधिकृतस्तर एघारौं तह (क.सं.नं.१३६७४०) लाई सरुवा गर्ने। |
| ३. | बागमती प्रदेश सभा, प्रदेश सभा सचिवालयका सचिवालय सचिव (अधिकृतस्तर एघारौं) डा. श्री चन्द्र प्रसाद लुइटेल (क.सं.नं.१७२३३४) लाई निजामती सेवा ऐन, २०४९ को दफा ३३ बमोजिम मिति २०८०/०५/१९ गते देखि लागू हुने गरी अनिवार्य अवकाशको जानकारी गराउने। |
| ४. | सम्मानित सर्वोच्च अदालतको संवैधानिक इजलासमा नेपालको संविधानसँग बाझिएको ऐन बदर गर्ने माग दाबी सहित बागमती प्रदेश सरकारको तर्फबाट श्रम, रोजगार तथा यातायात मन्त्रालयले रिट निवेदन दर्ता गर्ने। |
| ५. | "प्रदेश सरकारी कामकाजको भाषा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८०" प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |

**सम्वत् २०८० साल भदौ १८ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय—**

| सि.नं. | निर्णय |
|---|---|
| १. | प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्य सञ्चालन) (छैठौं संशोधन) आदेश, २०७९ को दफा ३ बमोजिम श्री कृष्ण कुमारी बस्नेत, बूढानिलकण्ठ नगरपालिका, वडा नं. ५, काठमाडौंलाई प्रदेश नीति तथा योजना आयोगको सदस्य पदमा नियुक्त गर्ने। |
| २. | प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ७ को उपदफा (४) बमोजिम यसै साथ संलग्न "सङ्गठन संरचना तथा दरबन्दी तेरिज सहितको संक्षिप्त सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण" स्वीकृत गर्ने। |
| ३. | लिखु गाउँपालिकाको केन्द्र लिखु गाउँपालिका, वडा नं. ३, डुँडे स्थित सिमलचौरमा कायम गर्ने भनी लिखु गाउँपालिकाको गाउँ सभाले पारित गरी गाउँ कार्यपालिका मार्फत प्राप्त प्रस्ताव नेपाल सरकारमा पठाउने। |
| ४. | बागमती प्रदेशमा प्रमुख पर्वको रुपमा मनाइने न्वागी (छोनाम) पर्वको उपलक्ष्यमा सम्बत् २०८० साल भाद्र २२ गते शुक्रबारका दिन मकवानपुर, चितवन र धादिङ जिल्लाभर सार्वजनिक बिदा घोषणा गर्ने। |
| ५. | "प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८०" स्वीकृत गर्ने। |
| ६. | ग्रामीण सडक सञ्जाल सुधार आयोजना-एएफ (RCIP-AF) सञ्चालनका लागि म्याचिङ्ग फण्ड (Matching Fund) को श्रोत सुनिश्चतता गरी नेपाल सरकार, एसियाली विकास बैङ्क र मन्त्रालयबिच आयोजना सम्झौता गर्न भौतिक पूर्वाधार विकास मन्त्रालयका प्रदेश सचिवलाई अख्तियारी दिने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।

## प्रदेश सरकार, बागमती प्रदेश, मन्त्रिपरिषद् निर्णय

**सम्वत् २०८० साल भदौ ५ गते बसेको बागमती प्रदेश मन्त्रिपरिषद्को बैठकले गरेको निर्णय–**

| सि.नं. | निर्णय |
|---|---|
| १. | “बागमती प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०८०” स्वीकृत गरी प्रदेश राजपत्रमा अतिरिक्ताङ्क गरी प्रकाशन गर्ने। |
| २. | “प्रदेश आन्तरिक पर्यटन काज सम्बन्धी मापदण्ड, २०८०” स्वीकृत गरी प्रदेश राजपत्रमा प्रकाशन गर्ने। |
| ३. | बलेफी गाउँपालिकाबाट प्राप्त "साबिक फुल्पिङडाँडा गा.वि.स. को वडा नं. ८ र ५ (हालको बलेफी गाउँपालिकाको वडा नं. ४ को केही भाग र वडा नं. ५ को केही भाग) मिलाई नयाँ थप एक वडा कायम गर्ने भनी बलेफी गाउँपालिकाको गाउँ सभाले पारित गरेको प्रस्ताव निर्णयका लागी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६ को उपदफा (३) बमोजिम नेपाल सरकारमा पठाउने। |
| ४. | “सञ्चार माध्यम व्यवस्थापन ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक” प्रदेश सभामा पेश गर्न स्वीकृत गर्ने। |
| ५. | “प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयक" प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ६. | “ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको लागि निःशुल्क हवाई उद्धार सेवा सम्बन्धी कार्यविधि २०८०” स्वीकृत गर्ने। |
| ७. | “प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक” प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने। |
| ८. | "विज्ञान, प्रविधि, नवप्रवर्तन तथा विकास कोष सञ्चालन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक" प्रदेश सभामा पेस गर्न स्वीकृति प्रदान गर्ने। |

द्रष्टव्यः निर्णयसँग सम्बन्धित थप जानकारी सम्बन्धित मन्त्रालयबाटै उपलब्ध हुनेछन्।